# परियत्ति ज्योति

(बौद्ध परियत्ति सम्बन्धी त्रैमासिक)

अंक १५ बु.सं. २५४५ ने.सं. ११२२ वि.सं. २०५८ माघ पुन्ही वर्ष ४



## मां गुरुमां गुणवती

Downloaded from http://www.dhamma.digital

सम्पादकीय

# वर्तमान परिवेश र मानवता ?

वर्तमान विश्व फेरि एकपटक हत्या, हिंसा, लुटपात, आतंकवादमा अल्झिरहेको छ । गत Sept. 11 तारिखमा अमेरिकामाथि भएको विध्वंशकारी आक्रमण र त्यसको विरूद्धमा अफगानिस्तानमाथि भएको जवाफी आत्रमण, इजरायल र प्यालेष्टाइनको बीचमा विगतका वर्षहरूदेखि हालसम्म भएरहेको मानव विनाशकारी आक्रमण, काश्मीरको विवादमा भारत र पाकिस्तानबीच भइरहेको आक्रमण यसका ज्वलन्त उदाहरणहरू हुन् ।

यतिमात्र नभई शान्तिका अग्रदूत भगवान् बुद्धको जन्मभूमि, एक शान्तिको रूपमा विश्वमा परिचित रहेको हाम्रै देश नेपालमा वर्तमान परिस्थितिमा सबै साधारण नेपालीहरूमा डर, त्राश, र भयको वातावरण सृजना भएको छ। विहान होस् या वेलुका वा दिउँसो होस् या रात कुनैपनि समयमा पनि हातहतियार देखाएर, मानसिक यातना दिएर, अनेक धम्की दिएर अमानवीय तत्वहरूले दिनको एक छाक मात्र खाइ, दिन र रात नभनी कमाइराखेको धन-सम्पत्ति चोरी डकैती गरिराखेका छन् । आफ्नै परिवार, समाज, गाउँ, जिल्ला र देशभै भय, त्राश र अशान्तिको वातावरण सृजना गरिराखेका छन् । यस प्रकारका हत्या, हिंसा, चोरी, डकैति गर्ने आतंक मच्चाउनेहरूले आफ्नै मानव जातिलाई दुःख दिइरहेका छन्, विनाश गरिराखेका छन् । "मानवता" को उल्लंघन गरेर दानवताको ताण्डव नृत्य देखाइरहेका छन् । यसले गर्दा सम्पूर्ण शान्तिप्रेमी नेपालीहरूले आफूलाई असुरक्षित महसूस गरिराखेका छन् । विश्वलाई शान्तिको बाटो हिंडाउने देशको आफ्नो बाटो भत्किएको छ ।

अतः हामी भगवान् बुद्धको मैत्री र करूणाले हाम्रो देश नेपालमा चाँडै भन्दा चाँडै शान्ति कायम रहोस् र संपूर्ण नेपालीहरूले शान्त र स्वतन्त्रतापूर्वक जीवनयापन गर्न सकोस् भन्ने कामना गर्न चाहन्छौं । साथै सारा विश्वमा पनि शान्ति कायम रही संपूर्ण मानव जाति र प्राणीमात्रको हित र कल्याण होस् भन्ने चाहन्छौं ।

## यस अंकमा

लेख : Boudha Priyatti Sikshya : In My Eye, काया भावना र चित्त भावना
जातककथा: क्रोधीलाई प्रेमले जितौं जीवनी: गुरुमां गुणवती परियत्ति गतिविधि
कविता: शान्ति, ठूलो मान्छे, शिक्षा, साना नानी, दृष्य-अदृष्य

Downloaded from http://www.dhamma.digital

**बाल बौद्ध जागरण समूह**
**ज्योतिदय संघ**

ज्योतिविहार, चापागाउँद्वारा प्रकाशित

# परियत्ति ज्योति

*वर्ष ४ अंक १५*


**संरक्षक**
अ. ज्ञाणवती

**सल्लाहकार**
शाक्य सुरेन

**सम्पादक**
वासुदेव

**सहयोगी सम्पादक**
दिल वहादुर देशार
रामेश्वर देशार

**व्यवस्थापक**
हेराकाजी
राजेश

**सहयोगीहरू**
शान्ति देशार
तीर्थकुमारी महर्जन
रमेश देशार
रविन्द्र देशार
राज देशार
अजय देशार



**हाम्रो ठेगाना**
**बाल बौद्ध जागरण समूह**
*ज्योतिदय संघ*
ज्योतिविहार, चापागाउँ
ललितपुर, नेपाल



**कला**
**राजुबाबु शाक्य**


| | |
|---|---|
| प्रति अंक | रु. ५।- |
| वार्षिक ग्राहक | रु. १५।- |
| आजीवन ग्राकह | रु. ३००।- |

**विज्ञापन दर**

| | |
|---|---|
| पूरा पेजको | रु. ५००।- |
| आधा पेजको | रु. ३००।- |
| चौथाई पेजको | रु. २००।- |


**मुद्रक तथा कम्प्युटर**
**जोशीज् प्रेस**
वल्खु, ललितपुर ।
फोन : ५२१४७९, ५३६७६१


Downloaded from http://www.dhamma.digital

# BUDDHA PARIYATTI SHIKSHA : In my eye

*- Rameshwor Deshar*
*Chapagaun*

Today the world is terrorized by possible world war III. Most of the world-leaders are worried of present spoilt circumstances. The factors like world fellowship, equality, peace and justice are limited only in writing and in speech. The highly developed and powerful country like U.S.A. also could not be safe from the activities of terrorism. Most of the countries in the world are facing the problem of political instability, civil war and internal criminal events like rapes, murders, smuggling and thefts. The contest of reaching in the topmost place of power is still among the rich countries by the means development and discoveries of destructive weapons like machine-guns and atom bombs. The first world countries on the same earth are capable to think about the moon and plan in Mars. In the other hand, the third world countries have been struggling for the maintenance of minimum basic needs like housing, clothing, medical treatment, education and poverty for long years and it's not fixed how other long years will be spent in the course of struggle.

These are the things of worldwide thinking. We leave it here and involve our brain to think about our own country Nepal. The condition of Nepal is in crisis and it is facing very pitiable moments. The problem of Maoism is born here in the country where is the great demand of fulfilling the basic needs. All citizens are harassed in every sector of the nation. It is our reality that most of our institutions are sunk in corruption. Irresponsibilities and bribes are well spread everywhere. Sacred sectors like education has become colourful by political activities. No one has the feeling of safety and peace. In entire,


Downloaded from http://www.dhamma.digital

the present and the future of the nation is totally dark now.

I do not owe any other intention with the description of these pessimistic aspects. What are the cause-factors of these situations. What are playing role behind them and why are we facing these difficulties. It's better, at least, if our mind goes towards it. This is what I expect from the readers.

All the disorders prevailed in the world are the producers of human vices like rage, hatred and jealousy. If the virtues like mutual affection, mutual love, mutual co-operation and mutual sympathy are present in human beings, all the people on the earth will be happy and cheerful like the birds flying in the open sky. One thing, here, we can say doubtlessly that if we have knowledge and teachings of Buddha and follow them. If we endeavor to recognize Buddha who was born at Lumbini in our country Nepal and spent his whole life for the sake of peace, truth and non-violence on the earth and became re-known as a herald of peace on the earth, there will be peace, safety, justice, equality, love and merriness everywhere in the world. The situation we are facing now is just a result of lackness of teaching and knowledge of Buddha.

The earth has become small due to various kinds of scientific discoveries and the development of modern communication. People, now, are getting the comfort of rich technologies which, perhaps, were not anticipated by our forefathers. If we accompany those person for some moments, reality will come into our hand that they are also victims of discontent. We will not see the shadow of cheerfulness on their faces and in their hearts. The teachings of Buddha were never so valuable and necessary as they are now in this terrorized and disordered society as people today lack spiritual conscious and mental development.

Buddha's teaching has become an inevitable thing and it is only one thing to establish world peace. Here, the questions; where and how to learn Buddha's teachings, to get information


Downloaded from http://www.dhamma.digital

about it, using them into practical life and being released from this worldly tensions may arise in our mind. 'Buddha Pariyatti Shiksha' will be in answer.

In childhood, everything is easy to start and learn anything. Paying attention to this very fact, there is the system of beginning this study at the age of 7-8 years. The course books are developed systematically for ten years. This study has built countless ideal citizens of the nation with the decoration of virtues like peace-loving nature, generous, patient and tolerant since the time of its establishment 38 years ago in Trisuli. The concerned personalities have their claim that there are many kinds of visible-invisible positive distinct between the students of the study and others without its knowledge. If we, all human want peace in our family, in our community, in our country and in the entire world, too, we ought to contribute from our individual sector ourselves at least, little, if much more can not be expected in extending this study from Mechi to Mahakali, every parts of the world. To spread this Buddha Pariyatti Shiksha, the studies of Buddhism, has become our prime human duty for the sake of contributing in the world-peace.

May this study prevail in every corner of the world.

## आजिवन ग्राहक

यस "परियत्ति-ज्योति" त्रैमासिक पत्रिकाको आजिवन ग्राहक बन्नु भएका काठमाडौं महानगरपालिका वडा नं. ८. पशुपति देवपत्तन, दक्षिर्णामूर्ति टोलका सुश्री नीता केशरी श्रेष्ठलाई बाल बौद्ध जागरण समूहको तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छौं ।



Downloaded from http://www.dhamma.digital

# क्रोधीलाई प्रेमले जितौं

*(चुल्लबोधि जातकमा आधारीत)*

*- रमेश देशार 'A'*
*"परियत्ति सद्धम्म पालक"*

"नहि वेरेन वेरानी – सम्मन्ती ध कुदाचनं ........ " अर्थात् "वैरभावले वैर कहिले पनि शान्त हुँदैन। अवैरभावले मात्र वैर शान्त हुन्छ।"

यो गाथा भगवान वुद्धले क्रोधीलाई क्रोधले होइन् प्रेमले जित्नुपर्छ भनेर जेतवनमा भन्नुभएको थियो।

पहिला वाराणसीमा व्रम्हदत्त राजाले राज्य गरिरहेको समयमा काशीगाउँको एक ठाउँमा महाधनी एक अपुत्तो वाम्हण थियो। त्यस व्राम्हणको स्वास्नीले पुत्र पाउन एक देवतासँग प्रार्थना गरेको थियो। साथै पुत्र पनि प्राप्त भयो। उक्त पुत्र वोधिसत्व हुनुहुन्थ्यो। त्यसवखत वोधिसत्व व्रम्हलोकवाट च्यूत भई त्यो व्राम्हणीको कोखवाट जन्मिनुभएको थियो। यसको नाम वोधिकुमार राखियो। उमेर अनुसार शिक्षा-दिक्षा तक्षशिलावाट प्राप्त गरि सकेपछि मन नलागी-नलागी एक रूपवत्ति र देव अप्सरा जस्तै कुमारीसँग विवाह गरिदियो। विवाह गरे पनि दुवैजनाले मैथुन धर्म पालन गरी वसिरहनुभएको थियो।

एक दिन उनीहरूको आमा-वुवाले इहलोक त्याग गरी परलोकमा वास वस्न पुगेछ। अनि वोधिकुमारले आफ्नो भार्यालाई (स्वास्नी) वोलाई आफुसँग भएको धन-सम्पत्ति सवै तिमी आफै सुरक्षा गर भनि आफु प्रव्रजित हुने कुरा व्यक्त गर्दा उसकी भार्याले पनि प्रव्रजित हुने तिव्र इच्छा व्यक्त गर्दा दुवै जनाले सारा धनसम्पत्ति महादान गरी गृहत्यागी रमणीय भुमिमा आश्रम वनाई प्रव्रजित भई हातमा भिक्षापात्र लिई फलफूलद्वारा जीविका गरी शान्त आनन्द धर्मविनय जीवन विताइरहनुभयो।

एकदिन दुवैजना नुन र अमिलो खानुपर्‍यो भनी वाराणशीमा जानुभयो र राजोद्यानमा वस्नु भयो। त्यसैवखत वाराणशीको राजा राजोद्यानमा घुम्नुपर्‍यो भनि उद्यानमा सफा गर्न लाग्नुभयो र महान परिवारका साथ उद्यानमा जानुभयो। त्यस वेला राजाले दुई प्रव्रजितहरूलाई देख्नुभयो। यसमा पनि परमसुन्दरी परिव्राजिकालाई देख्दा



Downloaded from http://www.dhamma.digital

राजा उसमाथि आशक्त भयो। क्लेशको कारणले कम्पित भएका राजाले यीनि परिब्राजिका प्रव्रजितको को पर्छ भनि सोध्नुपर्‍यो भनी उसको नजिक गई त्यो प्रश्न राख्नुभयो। यसको उत्तरमा कोही पनि होइन, पहिला गृहस्थी हुँदा मेरी भार्या, अहिले सँगै प्रव्राजित भएका हौं भनि राजाले जवाफ पाउनुभयो। त्यसपछि राजाले प्रतिप्रश्न गर्दै "यदि यो फुललाई जवर्जस्ती मैले लग्यो भने तिमीलाई क्रोध त आउँदैन ? क्रोध त उत्पन्न हुन्छ, तर त्यसलाई म मैत्रीभावले शान्त पार्छु भन्यो। त्यसपछि राजाले परिव्राजिकालाई राजदरवारमा लान आफ्नो सैनिकहरूलाई आदेश दिनुभयो र लग्यो। तैपनि त्यस प्रव्रजितले क्रोधीत नभई त्यसै वसिरहनुभयो।

राजाले अनेक प्रकारले लोभ लेखाएता पनि प्रव्रजितको मन जित्न सकेन। त्यसपछि राजाले विचार गर्न थाले-प्रव्रजितहरूले अनेक विधि जानेका हुन्छन्, जसले मलाई अनर्थ पनि गर्न सक्छ। अत: त्यस परि व्राजक के गरिरहेछ पनि थाहा पाउनु पर्‍यो भनि उद्यानमा जानुभयो। त्यसवखत बोधिसत्व चीवर सिएर वसिरहनुभएको थियो। अनि राजाले सोध्नुभयो -मैले तिम्रो परिव्राजिका लगेर क्रोध उत्पन्न भई संघाटी सिएर वसिरहनुभएको होइन। मनमा क्रोध उत्पन्न भएको थियो, नभएको होइन। बाँचुन्जेल त्यसले छाड्ने पनि छैन होला। तर मैले ठूल्ठूला फोका भएको पानीले धुलोलाई शान्त पारेजस्तै तुरून्तै शान्त पारिसकेको छु। राजाले यो सुनेर यसले क्रोधको कारणले भन्नुभएको वा अरू नै कुनै कारणले भन्नुभएको हो भनि जाँच्नुपर्‍यो भनि अर्को प्रश्न राख्नु भयो – तिम्रो मनमा के उत्पन्न भयो र के ले छाडेन ? अनि के ले ज्यान भएसम्म छाडेन ? के लाई तिमीले ठूल्ठूला फोका भएको पानीले झैं शान्त पार्‍यौ ? वोधिसत्वले यो कुरा सुनेर महाराज ! क्रोधको धेरै दोष हुन्छ र यसले विनाश पनि गर्छ। मेरो मनमा पनि क्रोध उत्पन्न भयो र यसलाई मैत्रीभावनाद्वारा मैले रोकें भनि क्रोधको दोषको वारेमा व्याख्या गर्नु भयो।

यस्तो क्रोध सम्बन्धि वोधिसत्वको धर्म कुरा सुनेर राजालाई यस्तो क्रोध नै नभएको वोधिसत्व भन्दै आफूले गरेको पापलाई माफी गर्दै एउटा अमात्यलाई परीव्राजिकालाई लिन पठाई दुवैजना प्रव्रजितहरूलाई आफ्नै उद्यानमा वस्न अनुरोध गरीयो।

**यसरी यो कथावाट हामीले के थाहा पाउन सक्छौं भने कुनैपनि अत्याचारीलाई क्रोधले होइन, प्रेमले जित्नसक्नुपर्छ।**


Downloaded from http://www.dhamma.digital

कविता

# "दृष्य-अदृष्य"



फूल-फूल र काँडा
काँडा- काँडा र फूल
फूलको डाली - काँडाको डाली,
फूलको शान्ति - काँडाको शान्ति
आवाजको शान्ति- मौनताको शान्ति,
धर्तीको शान्ति- आकाशको शान्ति,
स्वर्गको शान्ति- नरकको शान्ति,
बाटोको शान्ति- कुबाटोको शान्ति,
वरको शान्ति- परको शान्ति,
उठ्नेको शान्ति- सुत्नेको शान्ति,
बस्नेको शान्ति- हिंड्नेको शान्ति,
जाग्नेको शान्ति- भाग्नेको शान्ति,
उज्यालोको शान्ति- अँध्यारोको शान्ति,
दिनको शान्ति- रातको शान्ति,
घामको शान्ति- जूनको शान्ति,
वनको शान्ति- मनको शान्ति,
बोलीभित्रको शान्ति,
गोलीभित्रको शान्ति,
शान्ति- शान्ति- शान्ति
सबैतिर शान्ति
शान्ति आफै ठीक - शान्ति आफै बेठीक, ?
प्रेम र शान्तिका जोडी परेवाहरू
कसैको शान्तिको झटारोले फट्फट् - झ्याट् - झ्याट्
पखेँटा फर्फराइरहेछन् ।
हिमनदीझैं शान्तिको रगत बगिरहेछ ।
' शान्तिका दूत बुद्ध' र बुद्धका दूतहरू ' शान्तिका दूत' !
शान्तिका दूतद्वारा नै शान्तिको टाउको चट्ट काटिएको छ ।
त्यसैले त मेरो शान्ति पनि,
डाँको छोडेर - ड्वाँड्वाँ रोइरहेछ
निरन्तर - प्रतिध्वनित भई,
शान्तिको आह्वानका लागि !
"शान्तिका लागि !"

- भूपेन्द्र खड्का
०७ मंसिर ०५८
(हाल: पुतलीसडक,
काठमाडौं ।)
तित्याङ ३ बाग्लुङ



Downloaded from http://www.dhamma.digital

# मां गुरुमां गुणवतीको संक्षिप्त जीवनी

– बासुदेव



आजभन्दा ३०, वर्ष अगाडिको नेपालको परिवेश र अवस्थामा म्यानमार (वर्मा) बाट आउनु भै अनेकौं प्रकारका समस्याहरू, झंझटको सामना गर्दै सधैं हँसिलो मुहारमा रहनु भै अपार मैत्री र करूणाले जिति नेपालमा वुद्ध-शासनको प्रचार-प्रसार कार्यमा ठूलो गुण र देन दिनुहुने एक सहासी, ममतामयी नारीको नाम हो– मां गुणवती गुरूमां ।

उहांको जन्म सन् १९२४ साल December महिनामा म्यानमारको कोपरां भन्ने गाउँमा भएको थियो। उहाँले १२ वर्षको हुँदा सन् १९३६ को May महिनामा मोलमिन शहरको भगं च्याउँ विहारमा गुरूमांहरू दो.केसा र दो.पंसाचारीहरूवाट अनागारिका प्रव्रज्या ग्रहण गर्नु भै ४ वर्षसम्म उहाँहरूवाटै वुद्ध-धर्मको प्रारम्भिक शिक्षा ग्रहण गर्नुभयो । त्यसपछि सन् १९४० सालमा सतिपट्ठान ध्यान भावनाको अभ्यासपछि सन् १९४९ मा वुद्ध-धर्मको उच्च शिक्षा अध्ययनको लागि प्रसिद्ध मोलमिनको खेमाराम विहारमा जानुभयो, त्यहाँ विहार प्रमुख गुरूमां दो.पञ्ञाचारीको अन्तेवासी हुनुभयो । उहाँले त्यहि विहारमा अध्ययन गरी उच्च परिक्षा धम्माचरिया पूरा गर्नुभयो, जुन ठाउँमा नै धम्मावती गुरूमांले पनि अध्ययन गर्नुभएको थियो ।

मां गुणवती गुरूमांले मोलमिनको पालि तक्षशिला विहारको ऊ सूरियाभिवंश, खेमाराम विहारको प्रमुख दो. पञ्ञाचारी गुरूमां, सुवर्णभूमिदेशको ऊ सुवर्णजोति र सगायङ्गका पट्ठान गुरू ऊ इन्दक



Downloaded from http://www.dhamma.digital

जस्ता पूज्य गुरू र गुरूमांहरूवाट वुद्ध-धर्म सम्वन्धि अध्ययन गर्नुभयो। साथै म्यानमारको वुद्ध-धर्म सम्वन्धि अध्ययन गर्नुभयो। साथै म्यानमारको वुद्ध-धर्मको विभिन्न परिक्षाहरू जस्तै मोलमिनको सुधम्माचार प्रथम वर्ष, मुदौं देशको शाशनपाल प्रथम वर्ष, सुवर्णभूमि देशको पारगू परिक्षाको महावेय्याकरणिक, म्यानमार सरकारवाट संचालित पथमप्यं परीक्षाको पथम अङ्ग, प्रथम ल्हा, पथम आचि, पालि तक्षशिला धम्माचरीयाको परीक्षा पास गरी गुरू हुन योग्य भयो भन्ने शासन धज्ज धम्माचरिया महाअच्यो भन्ने पदवि पास गर्नुभयो।

नेपालकी 'स्नेही छोरी'

धम्मावती गुरूमांले त्यसवेला नेपालमा नारीहरूले भोग्नुपरेको दु:खहरू, नारीप्रति त्यसवेलाको समाज र परिवारबाट गर्ने दुर्व्यवहार, वुद्ध-धर्मको दयनीय अवस्था जस्ता कुराहरू गर्नुहुँदा त्यहाँका सयौं वर्मी अनागारिकाहरूमध्ये अति नै दया, माया, सहनशीलता जस्ता गुणहरूले सम्पन्न मां गुणवती गुरूमांको मनभित्र नेपालीहरूप्रति साह्रै दया जागेर आउँथ्यो । धम्मावती गुरूमांको कुराहरूवाट अति नै प्रभावित भएर "म नेपालमा जस्तोसुकै दु:ख भोग्नु परे पनि आउन तयार छु ।' भनेर दृढ निश्चयका साथ उहाँसँगै (वि.सं.२०१९) सन् १९६३ को September महिनाको १९ तारिखमा नेपालमा आइपुग्नुभयो । त्यसवेला वस्नको लागि विहार नभएकोले मां गुणवती गुरूमां र धम्मावती गुरूमां। धम्मावती गुरूमांको घरमा वस्नुभयो र उहाँहरूलाई चाहिने संपूर्ण कुराको व्यवस्था धम्मावती गुरूमांको परिवारबाट भयो । सोही वेला गणमहाविहारमा सुमंगल भन्तेले ५०-६० जना वाल-वालिकाहरूलाई पढाउने गर्नुहुन्थ्यो । भन्तेको प्राय: देश-विदेशमा गइराख्नु पर्ने भएकोले गुणवती गुरूमां र धम्मावती गुरूमांहरूले ती वाल-वालिकाहरूलाई धम्मपद, त्रिरत्न वन्दना, परित्राण आदि पढाउने गर्नुहुन्थ्यो । साथै स्वयम्भू ज्ञानमाला भजन खल:वाट वहा:वहिलमा वुद्ध-पूजाको आयोजना गरी भन्तेहरूवाट कथा भन्ने गर्नु हुन्थ्यो । सोही कार्यक्रममा पूज्य सुदर्शन भन्तेले उहाँ गुरूमांहरूलाई पनि पालो दिनुभयो । त्यसवेला



Downloaded from http://www.dhamma.digital

गुणवती गुमांले नेपाल भाषा नजानेकोले वर्मीज भाषावाट कथा र प्रवचन दिनुहुन्थ्यो र त्यसलाई धम्मावती गुरूमांवाट अनुवाद गरिदिनुहुन्थ्यो। यस प्रकारले उहाँहरूले काठमाडौंको टोल-टोलमा, विहारमा कथा र प्रवचन दिनुहुँदा उपासक-उपासिकाहरू झन-झनं वढेर आयो र दाताहरूले गुरूमांहरूलाई वस्ने वासस्थानको वन्दोवस्त गर्न उपर्युक्त ठाउँ खोज्ने कार्य भयो र विभिन्न दाताहरूले आ-आफ्नो ठाउँमा विहार वनाइदिने निर्णय र सरसल्लाह भै रहयो र आखिरमा २०२२ सालमा विभिन्न दृष्टकोणले उपर्युक्त झारपातले भरिएको काठमाडौंको श्रीघःमा विहार वनाउने निर्णय भयो र निमार्णकार्यको पनि थालनी भयो। यसरी २०२२ साल वैशाख महिना (वैशाख पूर्णिमाको आठ दिन अघि अष्टमीको दिन) मा एक तल्ले विहारको निर्माण कार्य पुरा भई "धर्मकीर्ति विहार" भनेर नामांकरण गरियो। यसरी त्यहि दिनवाट धर्मकीर्ति इतिहासको शुरूवात भयो। त्यसपछि समय र परिस्थितिनुसार एक-एक गरी दाताहरूको श्रद्धावाट विस्तार र निर्माणको कार्य भै नै रह्यो।

यसरी पटक-पटक गरी दाताहरूको श्रद्धाबाट विहार एक तल्लावाट दुइ तल्ला भयो। विहारमा आउने उपासकोपासिकाहरू वढ्दै आए जस्तै अनागारिका गुरूमांहरू पनि वढ्दै जानुको साथै नेपाल र विदेशवाट पाहुनाहरूको आउने कार्य शुरू भयो। विहारको सुधारपछि अव कस्ता कार्यक्रमहरू राखेर जाने भनेर सर-सल्लाह हुँदा श्रद्धालु उपासक-उपासिकाहरूको विचार र आग्रहनुसार पहिला वुद्ध-पूजा र धर्मदेशनाको कार्यक्रम महिनाको पाँच पटक निरन्तर रूपले शुरू भयो। साथै ध्यान भावनाको अध्यास गराउने कार्य पनि शुरू भयो। त्यस्तै वाल-वालिकाहरूलाई उनिहरूको स्तर अनुसार अक्षर चिनाउने गराउनुको साथै वुद्ध-पूजा, दशपारमिता, मंगलसूत्र आदि पनि सिकाउने कार्य भयो। तीनै वाल-वालिकाहरू अहिले आएर सरकारी अस्पताल, कार्यलय, विद्यालय, क्याम्पस, अदालतमा कार्यरत छन्। व्यवस्थित रूपले परिक्षाको व्यवस्था गरी अझ राम्रोसँग अगाडि वढाउने उद्देश्यले विहारमा


Downloaded from http://www.dhamma.digital

विभिन्न स्तर र परिक्षाको व्यवस्था गरियो र विद्यार्थीहरूलाई विभिन्न पुरस्कारको साथै अभिधर्मको नवौं काण्ड पूरा गर्नेहरूलाई 'धम्मधर' भन्ने पदवीका साथै पदकको पनि व्यवस्था गरियो ।

त्यसवेला नेवारी समाजमा कर्म देख्नेको रूपमा १२ दिनसम्म एउटा कोठामा थुनेर राख्ने (वाह्रा तयेगु) परम्परा थियो (जुन अद्यावधी छ), जुन कार्य गर्न साह्रै गाह्रो छ । साथै वालिकाहरूलाई पनि १२ दिनसम्म शुद्ध हावा नभएको अँध्यारो कोठामा थुनिएर वस्नुपर्ने भएकोले साह्रै गाह्रो छ, अतः त्यसलाई वौद्ध परंपरानुसार परिवर्तन गर्न सके हुन्छ भन्ने विचारका साथ १२ दिनसम्म एउटै कोठामा थुनिएर राख्नुको सट्टा १२ दिनसम्म ऋषिनी प्रव्रज्या दिने र त्यस अवधिमा अष्टशील पालना गर्ने ,वुद्ध-शिक्षाको अध्ययन गर्ने कार्यको पनि शुरूवात भयो । अहिलेसम्म हजारौं जना नारीहरूले यसप्रकारले ऋषिनी प्रव्रज्या लिइसकेको छ ।

त्यस्तै हप्ताको एकदिन विहारमा बुद्ध-पूजा गर्न आउने उपासकोपासिकाहरूको संख्या वढ्दै आयो । वुद्ध-पूजा गर्नको लागि विहारमा जाँदा उपासिकाहरूले कस्तो वस्त्र लगाएर जाने ? भन्ने प्रश्न भएकोले राम्रा-राम्रा वस्त्र नै लाएर जानुपर्छ भन्ने भावना मेटाउनको लागि साधारण वस्त्र लगाउने र सवैले जोडाले, उस्तै किसिमको र आफ्नै देशमा तयार भएको घरेलु सारी (पर्सि) लाएर जान वानि वसाल्नको लागि एउटा महत्वपूर्ण प्रचलनको पनि सोही विहारवाट शुरूवात भयो । जसवाट वस्त्र लाउनेको होड नभै सम-भावना र स्वदेशी उद्योगलाई पनि धेरै मदत पुग्न गयो ।


वि.सं. २०२८ सालमा (१) वुद्धको शिक्षालाई पहिला आफैले राम्ररी अध्ययन गर्ने, (२) आफूले सिकेको शिक्षालाई गाउँ-गाउँमा गएर अरूलाई सिकाउने, (३) देश-विदेशवाट आएका वौद्ध-विद्वानहरूलाई स्वागत-सत्कार गरि विचार आदान-प्रदान गर्ने र (४) वुद्ध र वुद्ध-धर्म सम्वन्धि पत्र-पत्रिका प्रकाशन गरी टाढा-टाढासम्मका ठाउँहरूमा धर्मप्रचार गर्ने आदि मुख्य उद्देश्य वोकी "धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठी" को स्थापना


Downloaded from http://www.dhamma.digital

भयो। यीनै उद्देश्यहरू वमोजिम कक्षा संचालन गर्ने, रिपोर्ट लेख्ने, लेख लेख्ने, सभा संचालन गर्ने, मन्तव्य दिने जस्ता तालिम संचालन, वौद्ध हाजिरी-जवाफ वादविवाद, छलफल, उपत्यका वाहिरका ठाउँहरूमा पनि बुद्ध-पूजा, धर्मदेशना र प्रवचनका कार्यक्रमको आयोजना, देश-विदेशवाट आउनु भएका वौद्ध विद्वानहरूलाई स्वागत सत्कार र विचार आदान-प्रदानको कार्यक्रम, धर्मकीर्ति मासिक पत्रिकाको शुरूवात, पुस्तक-पुस्तिकाहरूको प्रकाशन, वौद्ध तिर्थयात्रा कार्यक्रम, देशका वित्रिन्न अस्पताल, समाज कल्याण केन्द्रमा रहेका असहाय, दिन-दुःखीहरूको लागि सहयोग गर्ने कार्यको शुरूवात आदि जस्ता थुप्रै मानवउपयोगी कार्यहरूको शुरू भै हालसम्म पनि अटुट रूपमा संचालन भै राखेको छ।

यसप्रकार मां गुणवती गुरूमांको जन्म म्यानमारमा भएर पनि हाम्रो देश नेपालमा अनेकौं दुःख, कष्ट, विध्न वाधाहरूलाई सहन गरेर नेपालमा वुद्ध-धर्मको प्रचार-प्रसार, पुराना विकृतिहरूलाई हटाएर नयाँ र स्वच्छ वौद्ध परंपराको शुरूवात लगायत अन्य थुप्रै जिवनोपयोगी, मानवउपयोगी कार्यहरूको शुरूवातमा उहाँको ठूलो देन रहेको छ। उहाँको यिनै गुणहरूलाई कदर गरी वि.सं. २०४४ पुष २३ गते उहाँ प्रव्रजित भएर ५० वर्ष भएको, नेपालमा आएर २५ वर्ष भएको र उहाँको ६४ औं जन्मदिनको अवसरमा सुवर्ण रजत उत्सव, भर्मकीर्त विहार, श्रीघः काठमाडौंको आयोजनामा भव्यताका साथ मनाइएको थियो।

हाल वहाँ म्यानमारको राजधानी यांगूनको North Okkalapa Township मा म्यानमा: नेपो च्याउँ (MYANMAR NEPAL NUNNERY) को स्थापना गरी सो NUNNERY को प्रमुख भई प्रव्रजित भएका ऋषिनीहरूलाई उचित शिक्षा-दिक्षा दिने, तालिम दिने, ध्यान शिविर संचालन गर्ने तथा नेपालवाट म्यानमारमा पाल्नुहुने श्रद्धेय भन्ते र गुरूमांहरूलाई स्वागत सत्कार कार्य गर्ने कुरामा लागिरहनु भएको छ।




Downloaded from http://www.dhamma.digital

# काया भावना र चित्त भावना

- सुवर्ण कुमारी बज्राचार्य
कुपण्डोल, ललितपुर, काठमाडौं

## काया भावना र चित्त भावना भनेको के हो ?

ध्यान गर्ने वेलामा हामीले शरीर स्थिर होस् भन्न खातिर हामी पलेटी मारेर हात खुट्टा दुवैलाई स्थिर स्थानमा राखेर आँखा चिम्लेर वस्ने गर्छौं । आँखाले केहि पनि वस्तु देखेर त्यस माथि आकर्षित नहुन, कानले पनि केहि स्वर, शब्द, हल्ला आदि सुनेर आफू आकर्षित नहुन भनेर हामीले यो प्रयास गर्ने गर्छौं ।

हाम्रो शरीरलाई हलचल नगरिकन हामी आफू स्थिर भएर वस्न सक्यो भने हाम्रो शरीरमा के के हुन्छ र के के भएर आएको हुन्छ भन्ने हामी आफूले अनुभव गर्न सक्छौं । ध्यानमा हामी स्थिर भएर वस्दा हाम्रो शरीरमा आएको परिवर्तन र अनुभवलाई हामीले होस पुऱ्याउन सक्यौं भने, साधारणतः हामीले "काया भावना" गरिरहेका हुन्छौं ।


हामीहरू मध्ये केहि महानुभाव साथीहरूले यी कुराहरू विपश्यना ध्यान वस्दा अनुभव गरेका हुन सक्छ । यदि हामीले यी कुराहरूमा होस् नगरिकन त्यसै मात्र वस्यौं भने हामीलाई निद्रा लाग्ने हुन्छ । त्यसैले हामी विपश्यना ध्यान वस्दा हामीले हाम्रो श्वास, प्रश्वासले नाकको प्वालमा छवयो वा ओठको माथिल्लो भाग छवयो, भनेर होस् गर्नु पर्ने र यी स्थानमा हाम्रो ध्यान केन्द्रित गर्नु पर्ने हो । जुन काया (शरीर) भावना हो ।

अब हाम्रो यी श्वास प्रश्वासले कहिले कहाँ छुवयो नाकको प्वालमा कि ओठको माथिल्लो भागमा भनेर कल्ले, कसरी जान्ने हो । यी कुरालाई त्यसले अनुभव गर्न सक्छ, जसले आफ्नो मन, चित्तलाई स्थिर गर्न सक्छ । चित्त स्थिर गर्न सकेर हाम्रो ध्यान र होसलाई एक्कै ठाउँमा राख्न सक्ने अवस्थालाई "चित्त भावना" भनिन्छ । यसैलाई समथ भावना पनि भन्छन् ।

त्यसैले हामी ध्यानमा वस्दा जहिले पनि हाम्रो मन, चित्तलाई स्थिर गर्न सकेमा मात्र हामी ध्यान गर्न सक्छौं र ध्यानमा हुन्छौं । मन, चित्त स्थिर हुन सकेन भने शरीरमा पिडा मात्र उत्पन्न भएको अनुभव हुन्छ र हलचल धेरै गर्छौं वा हलचल हुने हुन्छ । मनलाई कावुमा राख्न सक्नेहरूको शरिर पनि


Downloaded from http://www.dhamma.digital

कावुमा हुने हुन्छ । कावुमा राख्नु पर्छ, अनि हामी ध्यानमा हुनेछौं । हामी "ज्ञानी" "गुणी" हुनलाई "ध्यान भावना" गर्नु पर्छ भन्ने यो हाम्रो भगवान वुद्धको आदेश हो । हामी सवैले ज्ञानी, गुणी वन्न अरू कामकार्यका अलावा ध्यान भावना गर्नु अति आवश्यक छ । अस्तु ।



# शान्ति !

- शैलेन्द्रराज गिरी
कक्षा - ९, श्री सूर्योदय ई. वो. स्कूल,
धापाखेल -८, ल.पु.

गौतम वुद्धले प्रतिपादन गरेको शान्तिको सिद्धान्त यो,
विश्वका सवै मानवले खोजेको यही शान्ति हो !
घृणा गर्ने शान्तिलाई संसारमा को छ होला,
शान्ति त मनपराउँछन् सबै मानव जाति !

सृष्टिको आदिदेखि अनादि कालसम्ममा,
शान्ति विराजमान हुन्छ हर मानवको मनमा !
मानव मात्र होइन, पशुपंक्षी पनि मनपराउँछन् शान्ति,
चराचर जगत्को सम्पूर्ण प्राणीको प्यारो यो शान्ति !

हालको यो एक्काइसौं शताब्दीको विडम्वना यस्तो छ,
आज यो संसारमा जताततै अशान्ति फैले'को छ !
विश्वका शक्तिशाली राष्ट्रहरू अशान्ति फैलाउँछन्,
गरीब, निर्वल देश सबै शान्तिको कुरा गर्छन् !

शान्त स्वभाव भएका मानिसहरू अशान्त छन्,
शान्ति खोज्न क्रान्ति गर्दै मानवतालाई बिर्संदैछन् !
विश्वमा जताततै हिंसा र अराजकता फैले'को छ,
मानिस आफ्नो खुट्टामा आफैं बन्चरो हानिरहेछ !

जाग ! ब्यूँझ हे ! विवेकशून्य मानवहरू हो !
अशान्तभित्रै रमाउँछौ कति ए ! मानव हो !
अव हिंसा, हत्या र अराजकतालाई त्याग,
आफ्नो भाग्य आफैं कोर, आफैंदेखि नभाग !


Downloaded from http://www.dhamma.digital

## स्वागत कार्यक्रम सम्पन्न

गत २०५८ कार्तिक १८ गते (Oct. 30, 2001) मंगलवारका दिन ज्योति विहार, चापागाउँ, ल.पु.मा फिलिपिन्सको रेमन मेगसेस अवार्ड भारतको गान्धी शान्ति पुरस्कारको साथै अन्य थुप्रै अन्तर्राष्ट्रिय पुरस्कारहरूवाट सम्मानित श्रीलंकाका सर्वोदय श्रमदान अभियानका संस्थापक अध्यक्ष सम्माननीय डा.ए.टि. आर्यरत्नेज्यूलाई हार्दिक स्वागत गरियो । सो अवसरमा ज्योति विहारका उपासकोपासिका, ज्योतिदय संघ, वाल वौद्ध जागरण समूहका पदाधिकारीहरू परियत्तिका विद्यार्थीहरूवाट उहाँलाई फूलको गुच्छा प्रदान गरिएको थियो । साथै सम्माननीय डा.ए.टि. आर्यरत्नेज्यू तथा उहाँका जहानवाट ज्योतिदय संघवाट संरक्षन वज्रवाराही जंगलमा वृक्षारोपण पनि गर्नुभएको थियो ।

## पुरस्कार वितरण कार्यक्रम सम्पन्न

अ.ने.भि.महासंघद्वारा संचालित वु.सं. २५४४ को नेपाल वौद्ध परियत्ति शिक्षाको वार्षिक परिक्षामा ज्योति विहार परियत्ति केन्द्रवाट उत्तिर्ण हुने विद्यार्थीहरूलाई गत असोज २७ गते ज्योति विहारका संरक्षक कुमार देसारको सभापतित्व र ल.पु. उपमहानगर पालिकाका प्रमुख श्री वुद्धिराज वज्राचार्यज्यूको प्रमुख आतिथ्यमा ज्योति विहार, चापागाउँमा "वार्षिक प्रेरणा पुरस्कार वितरण समारोह" सम्पन्न भयो । भिक्षु नन्दवाट पंचशील प्रदान गर्नुभएको सो समारोहमा स्वागत भाषण ल.पु.जि.वि.स.का भू.पू. सदस्य श्री निल व. देशारले, श्रद्धेय गुरूमां ञाणवती, ज्योतिदय संघका भू.पू. अध्यक्ष सुरेन्द्रमान शाक्य, थेरवाद दायक सभाका अध्यक्ष लोकवहादुर शाक्य, भू.पू. स्थानिय विकास सचिव तथा ज्योतिदय संघका सल्लाहकार श्री चक्रमेहेर वज्राचार्य, भू.पू. गा.वि.स. अध्यक्ष श्री कृष्ण व. देशार, गा.वि.स.अध्यक्ष श्री चरसुन्दर महर्जन, भू.पू.जि.वि.स सदस्य श्री निल व. देशारले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यस्तै वार्षिक प्रगति प्रतिवेदन वाल वौद्ध जागरण समूहका श्री रमेश देशार 'A' वाट र ज्योतिदय संघका अध्यक्ष श्री नारायण देशारले धन्यवाद ज्ञापनगर्नुभएको थियो भने कार्यक्रम संचालन वाल वौद्ध जागरण समूहका श्री रामेश्वर देशारले गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## श्रद्धाञ्जली सभा सम्पन्न

गत २०५८ असोज ६ का दिन राजपरिषदका सदस्य तथा ज्योति विहारको निर्माणकार्यमा प्रमुख सहयोग पुऱ्याउनु भएका सम्माननीय स्व. श्री रामलाल ताम्राकारज्यू निर्वाण हुनुभएको वार्षिक पुण्यतिथीको अवसरमा ज्योति विहार, चापागाउँमा एक श्रद्धाञ्जली सभा सम्पन्न भयो । शील प्रार्थनावाट शुरू भएको सो कार्यक्रगमा श्री कर्णलाल लाखेज्यूवाट रामलाल ताम्राकारको परिचय दिनुभएको थियो । साथै राम देशार, भू.पू.जि.वि.स. सदस्य निल ब. देशार, ज्योतिदय संघका अध्यक्ष श्री नारण देशारवाट आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यत्रम संचालन रमेश देशार 'A' ले गर्नुभएको थियो ।

---

## ठूलो मान्छे

- मिकिना महर्जन
कक्षा–४ 'रेड हाउस'
भास्सरा मा. वि., ललितपुर

मीठो मीठो वोली हुन्छ ।
हामी सानो छँदा ॥
लेखपढ गर्नुपर्छ ।
हामी वालक छँदा ॥

आमा, बुबा भन्नुहुन्छ ।
तिमी देशको कर्णधार ॥
साँच्चै हामीले वोक्नुपर्छ ।
भोलि देशको भार ॥

क, ख, ग, घ पढेपछि ।
हामीले ज्ञान लिन्छौं ॥
त्यही ज्ञान वटुलेर ।
ठूलो मान्छे वन्छौं ।

## शिक्षा

- मुकेश अवाले
कक्षा –७
भास्सरा मा. वि., ललितपुर

आँसू एउटा मोती हो
जसलाई हामीले कहिल्यै नचुहाऔं ।
शिक्षा एउटा ज्योति हो
जसलाई हामीले कहिल्यै नगुमाऔं ।

शिक्षा विना हुन्छौं हामी अज्ञानी
शिक्षाले नै वनाउँछ हामीलाई ज्ञानी ।
शिक्षा नै हो एउटा अमूल्य धन
जसले वनाउँछ हामीलाई विद्वान ।


Downloaded from http://www.dhamma.digital

# साना नानी

- विजया शर्मा
कक्षा–४, 'रेड हाउस',
भास्सरा मा. वि., ललितपुर

हामी साना नानी
बन्छौं हामी ज्ञानी ।
बिद्यालय जानुपर्छ
पढ्नलाई हामी ।

पढेर राम्रो हुनुपर्छ
सधैं सधैं हामी ।
यो जन्ममा राम्रो हुनुपर्छ
अर्को जन्ममा पनि ।

हामी साना नानी भनेर
त्यसै बस्नु हुँदैन ।
हामी केही बन्नुपर्छ
धेरै धेरै पढेर ।

सबैलाई शिक्षा दिनुपर्छ
यही नै हो हाम्रो बानी
हामीले नाम कमाउनु पर्छ ।
अनि मनपराउँछन् नेपालीलाई ॥

## सूचना । सूचना ।। सूचना ।।।

बुद्ध जन्मभूमि नेपालमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित बुद्धधर्म सम्बन्धि पठन पाठनमा गराइने शिक्षा "नेपाल बौद्ध परियत्ति शिक्षा" मा आफ्ना छोराछोरीहरुलाई सहभागी बनाई उनीहरुमा नैतिकताको ज्ञान दिलाई आध्यात्मिक रुपमा सबल बनाऔं । कक्षा हप्ताको एक दिन शनिवार संचालन हुनेछ । विस्तृत जानकारीको निम्ति आफुलाई पायक पर्ने परियत्ति केन्द्रमा सम्पर्क राख्नु होला ।

"परियत्ति ज्योति"

Downloaded from http://www.dhamma.digital

# "परियत्ति ज्योति" लाई सहयोग पुऱ्याउनुहोस

यस "परियत्ति ज्योति" त्रैमासिक पत्रिका हालसम्म १४ अंकसम्म प्रकाशित भैसकेको छ। शुरुदेखि नै विभिन्न महानुभावहरुले यस पत्रिकाको लागि आर्थिक भार व्यहोरी सहयोग गर्नु भएको छ। उहाँहरुको यस्तो सहयोगले गर्दा नै हामीले यो सानो प्रयासलाई निरन्तरता दिन सकिरहेका छौं। तसर्थ उहाँ दाता महानुभावहरुप्रति फेरि-फेरि धन्यवाद नदिइरहन सक्तैनौं।

यसैगरी यस अंक प्रकाशनार्थ पनि कुपण्डोल, ललितपुर वडा नं. १ का सुश्री सुवर्ण कुमारी वज्राचार्यज्यूले आर्थिक भार व्यहोरी दिनु भएको छ। अतः हामी वहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।

यस्तै गरी अरु अंक प्रकाशनार्थ पनि धर्म प्रेमी महानुभावहरुवाट यस्तै सहयोग गरी पत्रिकाको आजीवन ग्राहक भई, वार्षिक ग्राहक भई, विज्ञापन दिइ तथा पत्रिका खरिद गरी हौसला प्रदान गर्नु हुन हार्दिक अनुरोध गर्दछौं।

## "परियत्ति ज्योति"

**बाल बौद्ध जागरण समूह, ज्योतिदय संघ**

ज्योति विहार, चापागाउँ

Downloaded from http://www.dhamma.digital